श्री कञ्चनपुर जिल्ला अदालतबाट सर्वसाधारणको लागि जारी भएको मोटरसाईकलहरुको लिलाम बिक्री सम्बन्धी सूँचना।

प्रकाशित मिति २०७४ साल चैत्र १९ गते

यस अदालतमा विभिन्न मुद्दामा दशी स्वरुप दाखिल हुन आएको अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहरेको र विचाराधिन अवस्थामा रहेको विभिन्न मुद्दाहरुमा यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका मोटरसाईकलहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) र ९०(ख) बमोजिम लिलाम गर्नु पर्ने भई मिति २०७४।१०।१८ मा बसेको मूल्याकंन समितिको बैठकले तोकेको मूल्यमा मिति २०७४।१२।१५ मा प्रति मोटरसाईकल १५ प्रतिसत रकम घटाई पुनः लिलाम सुचना जारी गर्नु भन्ने लिलाम समितिको बैठकको निर्णय अनुसार उल्लेखित मोटरसाईकलहरु मिति २०७४ साल चैत्र २६ गते मोटरसाईकलहरु लिलाम हुने भएकोले बढाबढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधरण नेपाली नागरिक सबैको निमित्त निम्न शर्तहरु सहित यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | विवरण | फैसला मिति | न्युनतम मूल्याङ्कन | १५ प्रतिशत घटी मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | म.१.प.९००० नं.को मोटरसाईकल | २०६६।१२।२० | २००००।- | १७,०००।- | |
| २ | म.१.प.१६४६ नं.को मोटरसाईकल | २०६७।१२।२० | ३५०००।- | २९,७५०।- | |
| ३ | UP26M8126 | २०७२।२।२५ | १३०००।- | ११,०५०।- | |
| ४ | से.२.प.५२२० | २०७१।७।१० | २५०००।- | २१,२५०।- | |
| ५ | UA069-2963 | २०७३।११।४ | १२०००।- | १०,२००।- | |
| ६ | से.१.प.४३९९ | २०६८।१२।१ | १५०००।- | १२,७५०।- | |
| ७ | म.१.प.७८४ | २०६७।१२।२० | १२०००।- | १०,२००।- | |

१. लिलाम मिति २०७४।१२।२६ गते देखि बढाबढमा सहभागी हुनेले निवेदन साथ यस अदालतको तहसिल शाखामा दिनको १०.०० बजे देखि कार्यालय समय सम्म लिलाम बोल कबोल गर्न सकिने छ।

२.न्युनतम मूल्य भन्दा कममा लिलाम बोल्न पाईने छैन।

३.लिलाम हुने सवारी साधनहरु प्रचलित नेपाल कानुन बमोजिम नेपाल सरकारको नियम विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

४.मोटरसाईकलहरु अलग अलग बढाबढ हुनेछ।

५.लिलाम बढाबढ हुँदा सबै भन्दा बढी कबोलबोल गर्नेलाई लिलाम साकार गराईने छ।

६.लिलाम साकार गर्ने डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको १०% ले हुने नगद धरौटी राख्नु पर्नेछ। डाँक अंक मोटरसाईकलका हकमा ५००।- बढाउदै सोही अनुसार धरौटी थप गर्दै जानु पर्नेछ। लिलाम साकार गर्नेले बाँकी रकम लिलाम भएको मिति बाट ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ। ७ दिन भित्र रकम दाखिल नगरे लिलाम भएको दिन धरौटीमा दाखिल हुन आएको १०% रकम जफत हुनेछ साथै पुनःलिलामको सूचना प्रकाशन गरिनेछ।

७.उल्लेखित सवारी साधनहरु जे जुन अवस्थामा छ सोही अवस्थामा लिलाम गरिनेछ।

८.लिलाम साकार गरेको १५(पन्ध्र) दिन भित्र साकार गरेका मोटरसाईकलहरु उठाई लैजानु पर्नेछ।

९.सवारी साधन आ-आफ्नो नाममा दर्ता गराउने दायित्व लिलाम सकार गर्ने कै हुनेछ र दर्ता गराउँदा नियमानुसार लाग्ने अन्य दस्तुर समेत लिलाम साकार गर्नेले नै बेहोर्नु पर्नेछ।

१०.यस सम्बन्धमा थप कुराहरु बुझ्न परे यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

११.लिलाम सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ।